विपद्
पूर्वतयारी
तथा
प्रतिकार्य
योजना
२०७४
जेष्ठ

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
# (Disaster Preparedness and Response Plan)

प्रकाशक

**जिल्ला दैवी प्रकोप उद्धार समिति, गोरखा**

२०७४ जेष्ठ

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

**प्रकाशक**

प्रकाशन मिति : २०७४
प्रकाशक : जिल्ला दैवीप्रकोप उद्धार समिति

सर्वाधिकार : जिल्ला प्रशासन कार्यालय, गोरखा

प्राविधिक सहयोग
केयर नेपाल

## शब्द संक्षेप

| | |
|---|---|
| जि.दै.प्र.उ.स. | जिल्ला दैवी प्रकोप उद्धार समिति |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाइटी |
| प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| स प्र.जि.अ. | सहायक प्रमुख जिल्ला अधिकारी |
| गा.वि.स. | गाउँ विकास समिति |
| न.पा. | नगर पालिका |
| जि.वि.स. | जिल्ला विकास समिति |
| जि.शि.का | जिल्ला शिक्षा कार्यालय |
| जि.प.से का. | जिल्ला पशुसेवा कार्यालय |
| गै.स.स. | गैर सरकारी संस्था |
| कि.मि. | किलो मिटर |
| प्र.ना.उ. | प्रहरी नायब उपरीक्षक |
| प्र.उ. | प्रहरी उपरीक्षक |
| प्रा.स्वा.के.. | प्राथमिक स्वास्थ्य केन्द्र |
| CLPIU | Central Level Program Implementation Unit |
| DDRC | District Disaster Relief Committee |
| DEOC | District Emergency Operation Centre |
| DLPIU | District Level Program Implementation Unit |
| DLSA | District Lead Support Agencies |
| DPRP | Disaster Preparedness and Response Plan |
| DUDBC | Department of Urban Development and Building Construction |
| FCHV | Female Community Health Volunteer |
| IRA | Initial Rapid Assessment |
| LRC | Local Resource Centre |
| MIRA | Multi-Sectoral Initial Rapid Assessment |
| NRCS | Nepal Red Cross Society |
| REOC | Regional Emergency Operation Centre |
| NEOC | National Emergency Operation Centre |
| SAR | Search and Rescue |
| SOP | Standard Operating Procedures |
| WASH | Water, Sanitation and Hygiene |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

फोन नं. - ०६४-४२०१३३ प्र.जि.अ. कक्ष
" ०६४-४२०१०३ प्र.जि.अ निवास
" ०६४-४२०२३६ स.प्र.जि.अ कक्ष
" ०६४-४२०१८९ प्रशासन/सोधपुछ
फ्याक्स न :- ०६४-४२०१८९

पत्र सख्या :- २०७३/०७४
चलानी नं. :-

मिति :- २०७४/०१/१३

## मन्तव्य

गोरखा जिल्ला पहिरो, सवारी दुर्घटना, डढेलो तथा आगलागी ,भुकम्प आदि जस्ता प्रकोपहरू भईरहने जिल्लाको रुपमा लिने गरिन्छ । नियमित रुपमा आउने यस्ता प्रकारका प्रकोपहरुले बर्षेनी ठूलो मात्रामा धनजन तथा भौतिक सम्पत्तिमा क्षति पुऱ्याई रहेका छन् । यीनै विपद्को सामना गर्नसक्ने आवश्यक क्षमता विकास गर्नको लागि सरकारी निकायका एवं गैरसरकारी संस्थाहरूबाट विभिन्न क्रियाकलापहरू सञ्चालन भईरहेका छन् । विद्यमान कानूनी व्यवस्था अनुसार विपद् व्यवस्थापनका मुख्य क्षेत्रहरू पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना र पुननिर्माण मध्ये प्रतिकार्यलाई बढी जोड दिईएको छ । समयमै सतर्कता अपनाएर जनधनको सम्भावित क्षति कम गर्ने उपाय अपनाउनु आवश्यक देखिएको छ । यसै वास्तविकतालाई मनन गर्दै विपद्को सम्भावित समस्याको सामना गरी जीवन रक्षालाई उच्च प्राथमिकतामा राखी कार्य गर्न जिल्ला दैवी प्रकोप उद्धार समिति, गोरखाले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ ।

नीति नियमहरुले निर्देशन गरे वमोजिम गोरखा जिल्लाको सम्भावित विपद्हरुको विश्लेषण गरी, विभिन्न विषयगत क्षेत्र जस्तै आपत्कालिन सूचना तथा समन्वय, खोज तथा उद्धार, कृषि तथा खाद्य सुरक्षा, आपत्कालिन आवास, खानेपानी, सरसफाई तथा स्वास्थ्य प्रवर्द्धन, संरक्षण, शिक्षा, स्वास्थ तथा पोषण र बन्दोबस्तीहरूमा छलफल गरी गोरखा जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अध्यावधिक गरी नयाँ संस्करण २०७४ प्रकाशन गर्न पाएकोमा मलाई खुसी लागेको छ । आपत्कालीन समयमा गर्ने कार्य र त्यसका लागि गर्नु पर्ने पूर्वतयारीलाई समेटेर तर्जुमा भएको यस योजनाले जोखिम न्यूनीकरणका लागि पनि केही मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ । यस प्रक्रियामा जिल्ला स्थित सबै सरोकारवालाको सक्रिय सहभागिताले पनि यस योजनाको महत्वलाई प्रष्ट पारेको छ ।

अन्तमा यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न स्थानीय तहमा सहयोग पुऱ्याउने राजनीतिक दल, सरकारी निकाय, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, यस जिल्लामा कार्यरत गैर सरकारी संघ संस्थाहरु र यस योजनालाई अन्तिम रुप दिन प्रविधिक सहयोग गर्ने केयर नेपाल तथा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रमुख जिल्ला अधिकारी
...........................
(जितेन्द्र बस्नेत)
प्रमुख जिल्ला अधिकारी
एवं
अध्यक्ष जिल्ला दैवी प्रकोप उद्दार समिति, गोरखा ।

# जिल्ला समन्वय समितिको कार्यालय,

४ नं प्रदेश,नेपाल

प.स.:- ०७३/०७४
च.नं.

मिति:- २०७४/१/११

## मन्तव्य

आर्थिक, सामाजिक, ऐतिहासिक र सांस्कृतिक विशिष्टताका कारण पृथक पहिचान स्थापित भएको गोरखा जिल्ला भौगोलिक दृष्टिले पनि विविधता भएको जिल्ला हो । भू-बनौट र हावापानी यस जिल्लाका लागि अर्को विशिष्ट विशेषता हो । उच्च हिमाली भूभाग, अग्ला अग्ला पहाड, खोँच, समथर टार र चट्टानी भू-धरातलिय स्वरुपका कारण यहाँका बासिन्दाहरु भुकम्प,बाढी ,डँडेलो ,पहिरो ,आगलागीजंगलीजनावर ,खडेरी ,महामारी ,रोगकिरा ,असिना ,चट्याङ ,हावाहुरी , हिमपात ,शितलहर ,त्रास जस्ता दैवी प्रकोपका घटनाको उच्च जोखिमबाट त्रसिद वन्दै आएका छन् । प्राकृतिक प्रकोपजन्य विपद्वाट धनजनको क्षति कम गर्न तथा घटना पश्चात् तत्काल उद्धार कार्यका लागि जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला दैवी प्रकोप उद्धार समिति गोरखाले सकृय रुपमा कार्य गरिरहेको छ । गोरखा जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ परिमार्जन भई जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना -२०७४ को स्वरुपमा आईपुग्नु आफैमा खुसीको बिषय हो ।

विपद् पूर्वतयारी कार्यमा लगानी गर्न सके विपद्का कारण आकस्मिक रुपमा उत्पन्न हुने क्षति न्यूनिकरण गर्न सकिन्छ । विपद्को विषयमा समयमा नै सजगता देखाउन सकेको खण्डमा समय समयमा आईपर्न सक्ने ठूलो दुर्घटनाबाट जोगिन पनि सकिन्छ । पूर्व तयारीले मानवीय तथा भौतिक क्षतिलाई समेत कमी गर्न सघाउ पुर्‍याउदछ । गोरखा जिल्ला विपद्को दृष्टिले संवेदनशिल जिल्ला भएको हुँदा वर्षेनी विपद्बाट हुने सक्ने क्षतिलाई न्युनीकरण र व्यवस्थापन गर्न साविकका गा.वि.स.स्तरमा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना निर्माण गरी सूचीकृत गरिएका नीति तथा कार्यक्रमहरु कार्यान्वयन तर्फ उन्मुख हुनुपर्ने देखिन्छ । स्थानीय समुदाय, गाउंपालिका/नगरपालिका देखि जिल्लास्तरमा विपद् जोखिम व्यवस्थापन तथा पूर्व तयारी योजना वनाई लागु गरिएको खण्डमा विपद्को घटनाहरुको प्रतिकार्य, न्यूनीकरण एवं व्यवस्थापन गर्न सकिन्छ । यस योजनाले नेपाल सरकार, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा जिल्लामा कार्यरत स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरु, प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सरोकार राख्ने सम्पूर्ण व्यक्ति तथा निकायहरुलाई दिशा निर्देश गर्नेमा पनि विश्वास लिएका छौं ।

अन्त्यमा जिल्ला दैवी प्रकोप उद्धार समितिको सक्रियतामा अद्यावधिक भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७४ को सफल कार्यान्वयनका लागि जिल्ला समन्वय समिति गोरखाका तर्फबाट सक्दो सहयोग रहने प्रतिवद्धता दिलाउदै योजना कार्यान्वयनको पूर्ण सफलताको कामना गर्दछु ।

(नारायण आचार्य)
स्थानीय विकास अधिकारी
तथा
सदस्य सचिव जिल्ला दैवी प्रकोप
उद्धार समिति, गोरखा ।

# विषय सुची

खण्ड १:........................................................................................................................१
परिचय, पृष्ठभुमी..........................................................................................................१
१.१ जिल्लाको पृष्ठभुमि....................................................................................................१
खण्ड २..........................................................................................................................५
योजनाको उद्धेश्य र आवश्यकता..................................................................................५
२.१ योजनाको उद्देश्य.....................................................................................................६
२.१.१ समष्टिगत उद्देश्य :...............................................................................................६
२.१.२ निर्दिष्ट उद्देश्यहरु :................................................................................................६
२.२ योजनाको अपेक्षित नतिजा.........................................................................................७
२.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका परिणामहरू.........................................७
२.४ योजनाको सिमितता...................................................................................................८
२.५ पूर्वतयारीका लागि सामान्य मान्यताहरू.........................................................................८
२.६ नेपाल सरकारको राष्ट्रिय नीति तथा ऐनमा विपद् सम्बन्धी प्रावधान...............................................८
२.६.१ दैवीप्रकोप उद्धार ऐन, २०३९.....................................................................................८
२.६.२ स्थानीय स्वायत्त शासन ऐन, २०५५.............................................................................९
२.६.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा राष्ट्रिय कार्यशाला २०६७ को सिफारिस..............९
खण्ड ३.........................................................................................................................१२
विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी चरण..............................................................१२
३.१ योजना निर्माणको प्रक्रिया...........................................................................................१२
३.२ सामान्य पूर्वतयारी योजना..........................................................................................१३
३.२.१ मानवीय सहायतामा संलग्न साझेदार निकायको सूची.......................................................१३
३.२.२ सन्दर्भ सामग्री पुनरावलोकन......................................................................................१३
३.२.३ विभिन्न वैठकका निर्णयहरु.........................................................................................१४
३.२.४ प्रकोप जोखिम विश्लेषण...........................................................................................१५
३.३ निकायगत भूमिका तथा जिम्मेवारी................................................................................१८
३.४ सामान्य प्राथमिकता प्राप्त पूर्वतयारी कार्य.......................................................................द्दट
खण्ड ४.........................................................................................................................२७
विपद्को प्रतिकार्यमा आधारित प्रतिकार्य योजना...................................................................२७
४.१ जिल्लामा रहेका विषयगत क्षेत्रहरु र सम्पर्क सुची :........................................................२७

४.२ जिल्ला स्तरीय विषयगत क्षेत्रका अगुवा संस्थाको विवरण तथा जिम्मेवारी (Sectoral Agencies) :........................................................................................................................२७

४.२.१ विषयगत क्षेत्र : सूचना, संचार र समन्वय (Information, communication and coordination)........................................................................................२७

४.२.२ विषयगत क्षेत्र : खोज तथा उद्धार (Search and Rescue).....................................३८

४.२.३ विषयगत क्षेत्र : आपत्कालिन आवास (Emergency Shelter).................................४३

४.२.४ विषयगत क्षेत्रः कृषि तथा खाद्य सुरक्षा (Agriculture and Food Security)............४९

४.२.५ विषयगत क्षेत्र : खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन (WASH)............................छ्द्ध

४.२.६ विषयगत क्षेत्र : स्वास्थ तथा पोषण (Health and Nutrition)..................................६०

४.२.७ विषयगत क्षेत्र : शिक्षा (Education)........................................................................६५

४.२. ८ विषयगत क्षेत्र : संरक्षण (Protection)......................................................................६९

४.२. ९ विषयगत क्षेत्र : बन्दोबस्ती (Logistic)......................................................................७५

खण्ड ५..........................................................................................................................७९

योजना कार्यान्वयन, पुनरावलोकन तथा अभिलेखीकरण.....................................................................७९

५.१ कार्यान्वयन तथा पुनरावलोकन रणनीति.............................................................................७९

५.१.१. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको क्रियाशीलता................................................७९

५.१.२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना........................................७९

५.१.३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अध्यावधि.........................७९

५.२ प्रतिवेदन तथा अभिलेखन................................................................................................७९

५.२.१. प्रतिवेदन तथा संचार.........................................................................................७९

५.२.२. संस्थागत व्यवस्था...........................................................................................डण

५.२.३. अभिलेखीकरण.................................................................................................८०

५.२.४. अनुमोदन प्रक्रिया.........................................................................................८०

अनुसुचि १ : जिल्लामा रहेका सरोकारवालाहरु र तिनिसंग रहेका क्षमताहरु.......................................८१

अनुसुचि २ : नेपाल रेडक्रस सोासाइटी गोरखा जिल्ला शाखा रहेका तालिम प्राप्त दक्ष जनशक्तिहरु..........८६

अनुसुचि ३ : नेपाल रेडक्रस सोासाइटी गोरखा जिल्ला शाखा संग मौज्दात रहेको सामग्रीको विवरण.........८८

अनुसुचि ४: जिल्ला दैवी प्रकोप उद्धार समितिको कार्यशर्त निर्देश (ToR of DDRC).....................८८

अनुसुचि ५ : जिल्ला विषयगत अगुवा संस्था (District Cluster Lead Agency) को कार्यशर्त......८९

अनुसुचि ६ : जिल्ला अगुवा सहयोगी संस्था (DLSA) को कार्यशर्त निर्देश......................................९०

**तालिकाहरु**

तालिका १ गोरखा जिल्लाको संकटासन्नताको अवस्था ........ २
तालिका २ जिल्लामा पहिचान भएका विपद्को अनूमानित जोखिम ........ १५
तालिका ३ जिल्ला स्थित कार्यालयका प्रमूख तथा सुचना अधिकारीहरुको विवरण ........ २०
तालिका ४ सूचना अधिकारीको नाम र सम्पर्क नम्बर ........ २२
तालिका ५ जिल्लामा कार्यरत गैह्र सरकारी संस्थाहरूको सम्पर्क व्यक्ति एव नम्बर ........ २४
तालिका ६ समुह, सञ्जाल तथा महासंघ ........ २५
तालिका ७ जिल्ला स्थित राजनीतिक दलका प्रमूखहरूको नाम र सम्पर्क नम्बर ........ २५
तालिका ८ व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्नूहूने माननीय सांसदज्युहरूको नाम तथा सम्पर्क नम्बर ........ २५
तालिका ९ आपत्कालिन सुचना तथा समन्वय क्षेत्रको आपत्कालिन पुर्वतयारी योजना ........ ३१
तालिका १० कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पुर्वतयारी कार्य ........ ३६
तालिका ११ खोज तथा उद्धार क्षेत्रको आपत्कालिन पूतयारी योजना ........ ३९
तालिका १२ कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पुर्वतयारी कार्य ........ ४१
तालिका १३ जिल्ला स्थित रहेको जिल्ला विपद् प्रतिकार्य समूहको विवरण ........ ४२
तालिका १४ आपत्कालिन आवास क्षेत्रको आपत्कालिन पूर्वतयारी योजना ........ ४५
तालिका १५ कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य ........ ४८
तालिका १६ कृषि तथा खाद्य सूरक्षा क्षेत्रको आपत्कालिन पूर्वतयारी योजना ........ ५१
तालिका १७ विपद् प्रकतिमा आधारित प्रतिकार्य योजना ........ ५६
तालिका १८ कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य ........ छढ
तालिका १९ स्वास्थ्य तथा पोषण क्षेत्रको आपत्कालिन पूर्वतयारी योजना ........ ६२
तालिका २० कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य ........ ६५
तालिका २१ जिल्ला शिक्षा कार्यालय, गोरखा अनतर्गत रहेका स्रोतकेन्द्रहरुको विवरण ........ ६७
तालिका २२ शिक्षा क्षेत्रको आपत्कालिन पूर्वतयारी योजना ........ ६८
तालिका २३ संरक्षण क्षेत्रको आपत्कालिन पूर्वतयारी योजना ........ ७१
तालिका २४ विभिन्न गा.वि.स.मा कार्यरत सामाजिक परिचालकहरुको नामावली ........ ७३
तालिका २५ बन्दोबस्ती क्षेत्रको आपत्कालिन पूर्वतयारी योजना ........ ७६
तालिका २६ कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य ........ ७८

# खण्ड १:
# परिचय, पृष्ठभुमी

### १.१ जिल्लाको पृष्ठभुमि

नेपाल राज्यको एकीकरण गर्ने श्रेय गोरखा जिल्लालाई दिइने गरिन्छ । तत्कालीन अवस्थामा चौविस राज्य मध्ये लिगलिग भन्ने ठाँउमा घले थरका मगरहरुले राज्य गर्दथे । त्यहाँ प्रत्येक वर्ष विजयादशमीका दिन दौडमा प्रथम हुनेलाई राजा वनाउने प्रचलन थियो । त्यस उत्सवमा द्रव्य शाहले अप्रत्याशित रुपमा आक्रमण गरी दौडमा विजय गरी आफ्नो प्रभुत्व कायम गरे । लिगलिगकोट माथि विजय गरेपछि तुरुन्तै गोरखा आक्रमण गरे । सात दिनसम्म चलेको युद्धमा पराजित भएछि पुनः आक्रमण गरी गोरखा विजय गरे । द्रव्य शाह निकै महत्वाकांक्षी भएकाले प्रथम पराजयले उनलाई खासै असर पारेको थिएन । भागिरथ पन्त, गणेश पाण्डे, शर्वेश्वर खनाल, गंगाराम राना, गजानन भट्टराई, केशव वोहोरा, मुरली खवासहरुले उनको उत्साहलाई बढाइरहेका थिए । द्रव्य शाहका सैनिकहरु थापा, भुषाल, मास्के, रानाहरु समेतले गोरखाका राजाको दरवारलाई घेरी आक्रमण गरेर द्रव्य शाहको हतियारबाट खड्का राजाले विरगति प्राप्त गरे । यस प्रकार वि.स.१६१६ भाद्र २५ गतेका दिन द्रव्य शाह गोरखाका राजा भए ।

द्रव्य शाहले पछि गोरखा राज्यमा उनका वंशजहरु पुरन्दर शाह, छत्र शाह, राम शाह (न्यायिक राजा), डम्वर शाह, कृष्ण शाह, रुद्र शाह, पृथ्वीपति शाह र नरभूपाल शाहले राज्य गरेको पाइन्छ । राजा नरभूपाल शाह र रानी कौशल्यावतीको ज्येष्ठ सुपुत्रको रुपमा वि.स.१७७९ पौष २७ गते पृथ्वीनारायण शाहको जन्म भयो । वि.स. १७९९ मा २० वर्षको कलिलो उमेरमा राजा भएका पृथ्वीनारायण शाहले आफ्नो एकमात्र उद्देश्य जसरी हुन्छ टुक्रिएर रहेका स-साना राज्यहरुलाई एकीकरण गरी विशाल नेपाल राज्यमा गाभ्ने लिए । तद्नुरुप वि.स.१८०१ मा नुवाकोट, १८१९ मा मकवानपुर, १८२२ मा किर्तिपुर १८२५ मा कान्तिपुर, १८२६ मा भक्तपुर विजय गरी गोरखा राज्यबाट विशाल नेपाल राज्यको एकीकरण गरे र देशको राजधानी काठमाण्डौंलाई बनाए ।

**जिल्लाको नामाकरण** :

गोरखाबासीहरुको आराध्य देवता योगी गोरखनाथको नामबाट वा गाईको रक्षा (गो रक्षा) गरिने ठाउँ भएकाले सोही आधारमा यस ठाउँको नाम गोरखा रहेको मानिन्छ । नेपाली भाषमा घाँसको फाँटलाई खर्क भनिने गरेकोमा खर्क शव्द विकृत भएर गर्ख हुँदै कालान्तरमा गोरखा भएको पनि जन विश्वास रहेको छ । साथै गरेर खाने ठाउँ भन्दा भन्दै गोरखा नाम रहेको भनाइ पनि सुनिने गरेको छ ।

**भौगोलिक अवस्थिति** :

गोरखा जिल्लाको कुल क्षेत्रफल ३६१० वर्ग किलोमिटर रहेको छ ।अक्षांश २७ डिग्री १५ मिनेट देखि २८ डिग्री १५ मिनेट सम्म र देशान्तर ८४ डिग्री २७ मिनेट देखि ८४ डिग्री ५८ मिनेट सम्म फैलिएको छ । साथै यस जिल्लाको उचाई समुद्री सतहबाट २२८ मिटर देखि ८१६३ मिटरसम्म रहेको छ ।

**सीमानाः**

यस गोरखा जिल्लाको सीमाना पूर्वमा धादिङ जिल्ला, पश्चिममा तनहुँ, लमजुङ र मनाङ उत्तरमा तिब्बत र दक्षिणमा चितवन र तनहुँ जिल्लाहरु रहेका छन् ।




**हावापानी**

यस जिल्लाको भौगोलिक वनावट खोंच, पहाड, उच्च हिमाल, पहाडी भिर वस्ती तथा टारहरु रहेको छ । यहाँ ४ प्रकारका हावापानी रहेको पाइन्छ ।

१. उष्ण हावापानी

२. समशितोष्ण हावापानी

३. शितोष्ण हावापानी

४. हिमाली (अल्पाइन) हावापानी

नेपाल सरकार, जनसंख्या तथा वातावरणले प्रकाशन गरेको जलवायु परिवर्तन सङ्कटासन्न नक्साङ्कन प्रतिवेदनमा उल्लिखेत ईन्डेक्स (index) को आधारमा गोरखा जिल्ला उच्च जोखिमको अवस्थामा (०.६०१-०.७८६, High Rank) रहेको सुचिकृत छ ।

**तालिका १ गोरखा जिल्लाको संकटासन्नताको अवस्था**

| क्र.स | सुचकाङ्कहरु | अवस्था | | | | |
|---|---|---|---|---|---|---|
| | | अति उच्च | उच्च | मध्ययम | न्यून | अति न्यून |
| १ | वर्षा तथा तापक्रम | | | | √ | |
| २ | पारिस्थितिकीय संकटासन्नता | | √ | | | |
| ३ | पहिरो/भू-क्षय | | √ | | | |
| ४ | बाढि/डुवान | | | | | √ |
| ५ | सुख्खा | | | √ | | |
| ६ | हिमताल विष्फोट | √ | | | | |
| ७ | समग्र संकटासन्नताको ईण्डेक्स | | √ | | | |

*जलवायु परिवर्तन सङ्कटासन्न नक्साङ्कन प्रतिवेदन, २०११*

**हिमशिखर :**

गोरखा जिल्लाको उत्तरी भेगमा अग्ला हिमशिखरहरु अवस्थित छन् । जसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरुलाई आकर्षित गरिरहेका छन् । पर्यापर्यटन यस जिल्लाको आयआर्जनको प्रचुर सम्भावना बोकेको क्षेत्र पनि हो । यस जिल्लामा मुख्य हिमशिखरह निम्न  छन् :

| | |
|---|---|
| मनासलु - | ८१६३ मीटर |
| हिमालचुली (पूर्व) - | ७८९५ मीटर |
| नागधी चुली - | ७८७१ मीटर |
| हिमालचुली (पश्चिम) - | ७३७१ मीटर |
| मनासलु (उत्तर) - | ७१५१ मीटर |
| बौद्ध हिमाल - | ६६७२ मीटर |
| रौला हिमाल - | ७१७७ मीटर |
| श्रृंगी हिमाल - | ७१८७ मीटर |

**जलस्रोत :**

गोरखा जिल्ला जलस्रोतको भण्डारको दृष्टिले पनि धनि मध्येको जिल्ला हो । यस जिल्लामा बूढी गण्डकी, चेपे, दरौंदी, मर्स्याङ्दी, त्रिशुली, स्यार खोला लगायतका मुख्य नदीहरु अवस्थित छन् । कल्छुमन, वीरेन्द्र ताल, नारद पोखरी, लार्के ताल, दूध पोखरी, रानी पोखरी, निम्चे पोखरी लगाएतका पोखरीहरु पनि गोरखा जिल्लामा रहेका छन् ।

**जिल्लाको राजनैतिक विभाजन :**

गोरखा जिल्लालाई ३ वटा संसदीय निर्वाचन क्षेत्र, १३ वटा जिल्ला विकास समिति इलाका संख्या, २ वटा नगरपालिका र ६० वटा गाउँ विकास समितिमा विभाजन गरिएको छ । हाल राज्य पुनः संरचनाको कार्य भैरहेको परिपेक्षमा छिट्टै जिल्लाको नयाँ राजनैतिक विभाजनको संभावना पनि रहेको छ ।

**सुचना तथा अभिलेख केन्द्र र संचारको अवस्था :**

जिल्ला विकास समिति गोरखामा सुचना तथा अभिलेख केन्द्रको स्थापना भएको छ र पालुङ्गटारमा ग्रामीण सुचना केन्द्र स्थापना गरिएको छ । यस जिल्लामा ७ वटा एफ.एम. रेडियो, २ वटा दैनिक पत्रिका, १ वटा जिल्ला हुलाक कार्यालय तथा इलाका हुलाक १२ वटा रहेका छन् ।

गोरखामा भएका संचार माध्यमहरुको सुची :

- रेडियो गोरखा ९२.८
- रेडियो मनासलु १०३.९

- गोरखकाली एफ.एम. १०३.६
- रेडियो मातृभूमि ९८.२
- च्वाइस एफ.एम. ९०.४
- रेडियो हर्मी १०५.४
- रेडियो मनकामना १०२.४
- रेडियो बारपाक
- दरौंदी दैनिक
- शुरुवात दैनिक
- गोरखा समाचार

**जिल्लाको भू- उपयोगको अवस्था :**

यस जिल्लाको कुल क्षेत्रफल ३६०९९९.९० हेक्टर रहेको छ । गोरखाको भू- उपयोगको स्थिति निम्न बमोजिम रहेको छ ।

| | |
|---|---|
| कृषि योग्य जमिन : | ५५६९६ हेक्टर (१५.४२%) |
| वन जंगल, झाडी : | ११२६७६ हेक्टर (३१.२१%) |
| चरन भूमि : | ५९५२० हेक्टर (१६.४९%) |
| अन्य : | १३३१०८ हेक्टर (३६.८६%) |

**शैक्षिक अवस्था :**

गोरखा जिल्लाका उत्तरी हिमाली भेगमा तुलनात्मक रुपमा साक्षरता दर कम रहेको देखिन्छ । वि.स. २०६८ सालको जनगणनाले गोरखा जिल्लाको पुरुष साक्षरता दर ७५.०९ प्रतिशत देखाउँछ भने महिला साक्षरता दर ५९.४४ प्रतिशत रहेको उल्लेख छ । यस जिल्लामा आंगिक क्याम्पस १, सामुदायिक क्याम्पस ५, प्राविधिक शिक्षालय २, उच्च मा.वि. ५६, मा.वि. १०, नि.मा.वि. ६१ र प्रा.वि.को संख्या ३८४ रहेको साथै ECD कक्षा ३२५ वटा संचालनमा छन् ।

**स्वास्थ्य संस्था :**

गोरखामा जिल्ला अस्पताल, आँपपिपल अस्पताल, जिल्ला आयुर्वेद औषधालय, प्राथमिक स्वास्थ्य केन्द्र ३, स्वास्थ्य चौकी ६६, गाउँ घर क्लिनिक २४०, खोप क्लिनिक २५८, शहरी स्वास्थ्य केन्द्र ७, प्राइभेट अस्पताल ४ साथै स्वास्थ्य क्षेत्रमा काम गर्ने गै.स.स.हरुको संख्या ९ रहेको छ ।

**जनसंख्या :**

वि.स. २०६८ को राष्ट्रिय जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या २,७१,०६२ रहेको छ जस मध्ये १,२१,०४१ पुरुष र १५००२० महिला रहेको छ । हिन्दु धर्मावलम्वीहरुको बाहुल्यता रहेको यस जिल्लामा बौद्ध, क्रिस्चियन, जैन र इस्लाम धर्म मान्नेहरुको पनि बसोबास रहेको छ ।

# खण्ड २
# योजनाको उद्धेश्य र आवश्यकता

बहु प्रकोप जोखिमयुक्त देशहरु मध्ये नेपाल पनि उच्च जोखिममा रहेको देशमा पर्दछ । नेपालको भौगोलिक बनावट प्रकोपका दृष्टिले अति संवेदनसिल तथा जोखिमयुक्त अवस्थमा रहेको छ । विभिन्न तथ्याङ्कहरुमा उल्लेख भए अनुसार नेपाल सम्पुर्ण जोखिमको हिसावले २० औं स्थानमा छ । भूकम्पको जोखिमको हिसावले विश्वमा ११ औं, वाढीको हिसावले ३० औं र जलवायु परिवर्तनको हिसावले एशिया स्तरमा छैठौं जोखिमपूर्ण देशका रुपमा रहेको छ । नेपालका २३१५ वटा हिमतालमध्ये २२ वटा ताल फुट्ने अवस्थामा छन् । मुलुकमा प्रत्येक वर्ष प्रकोपका ४२० वटा घटनाहरु घटेको पाइन्छ । प्रत्येक वर्ष १००० को हाराहारीमा मानिसहरु मारिन्छन् । हरेक वर्ष लगभग ८० जना वेपत्ता हुन्छन्, ९३५० घरधुरी र १३,३०,००० जनसंख्या प्रभावित, १६,००० घर परिवार विस्थापित, १ अर्व भन्दा बढी आर्थिक क्षति हुन्छ । नेपालमा २०७२ बैशाष १२ गते गएको विनासकारी गोरखा भूकम्पका कारण १४ वटा जिल्लाहरु अति प्रभावित बनेका छन् । भूकम्पका कारण ८०२० जनाको ज्यान गएको छ भने १६,०३३ जना घाईते भएका छन् । त्यस्तै गरेर ३७५ जना मानिसहरु हराएको नेपाल सरकार, गृह मन्त्रालयको प्रतिवेदनमा उल्लेख भएको छ । गोरखा जिल्लामा विपद्संग सम्वन्धित तथ्याङ्कहरु व्यवस्थित ढंगले राख्ने प्रणाली स्थापना नभएता पनि प्रकोपको हिसावले संवेदनशिल जिल्लाको रुपमा पहिचान भएको छ । गोरखा जिल्ला विशेषतहः पहिरो तथा आगलागीको जोखिमले संकटासन्न रहेको कुरा रेडक्रस जिल्ला शाखा तथा जिल्ला प्रशासन कार्यालयको तथ्याङ्कहरुबाट आँकलन गर्न सकिन्छ । यस जिल्लाका अन्य प्रकोपहरुमा बाढी, चट्याङ्ग, हावाहुरी, असिना, जंगली जनवारको आक्रमण र विभिन्न प्रकारको महामारीहरु प्रमुख रुपमा रहेका छन् ।

यसरी हेर्दा नेपालमा कुनै पनि प्रकारको विपद्का घट्ना घट्न सक्ने सम्भावना अत्याधिक मात्रामा रहेको छ । यसको लागि राज्यको तर्फवाट पूर्व तयारी गरी विपद्वाट हुने क्षतीको न्यूनीकरण गर्न राज्यका हरेक संयन्त्र देखि स्थानीय समुदाय स्तर सम्म सचेतना फैलाउनु र सामनाका लागि तयारी गराउनु आवश्यक छ । प्रकोप व्यवस्थापन र उद्धार कार्यलाई अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारका रुपमा अघि बढाउन १८ - २२ जनवरी २००५ मा जापानको ह्योगो शहरमा प्राकृतिक प्रकोप न्यूनिकरण सम्बन्धि दोश्रो विश्व सम्मेलन भएको थियो । यस अवसरमा नेपालले प्रकोप न्यूनीकरण एवम् समन्वय परिषद्को गठन गर्ने, प्रकोप सम्बन्धि राष्ट्रिय रणनीति तयार गर्ने, विकसित मूलुकका उच्च प्रविधि र अनुभवहरुलाई अनुसरण गर्ने, दिगो विकास र सुरक्षित भविष्य निर्माणका लागि शिक्षा भन्ने नारालाई साकार पार्न शैक्षिक पाठ्यक्रममा सुधार गर्ने र प्रकोप न्यूनीकरणका लागि विश्व कोषको स्थापना गर्ने जस्ता कुराहरुमा आफ्नो प्रतिबद्धता जाहेर गरिसकेको छ । साथै यस प्रकोप जोखिम न्यूनीकरणलाई नेपाल सरकारबाट २५ असोज २०६६ मा स्वीकृत गरिनुका साथै उक्त रणनीतिमा पनि जोखिम न्यूनीकरण सम्बन्धि अवधारणाहरूलाई आपतकालीन पूर्वतयारी (Preparedness), प्रतिकार्य (Response) तथा पुनर्लाभ (Recovery) सम्बन्धि कार्यक्रम व्यवस्थित रूपमा समावेश गर्ने समेत उल्लेख गरिएको छ ।

जिल्लाको विविध प्रकारको भौगोलिक बनावट र वातावरणीय विविधताले गर्दा उत्पन्न हुन सक्ने विपद्का परिणामलाई पूर्व तयारी गरी जोखिम न्यूनीकरणका उपायहरु अपनाउनुपर्ने हुन्छ । गोरखा भुकम्पको पाठले पनि विपद्को समसामयिक पूर्व तयारी तथा प्रतिकार्य योजना हुन अति आवश्यक छ भन्ने कुराको टट्कारो महशुस गारएको छ । कतिपय विपद् (Disaster) हरुलाई पूर्ण रुपमा निदान गर्न नसकिएता पनि विपद् जोखिम न्यूनिकरण गर्न सकिने भएकोले विपद् पूर्व नै योजनाबद्ध तरिकाले विपद् व्यवस्थापनको खाका बनाउन आवश्यक हुन्छ । विपद् पूर्व (Pre-Disater), विपद्को समयमा (During Disaster) र विपद् पश्चात (Post Disaster) गरिने क्रियाकलापहरुको योजनावद्ध खाका नै विपद् व्यवस्थापन योजना हो ।

## २.१ योजनाको उद्देश्य

### २.१.१ समष्टिगत उद्देश्य :

विपद्बाट उत्पन्न मानवीय असरहरू न्यूनीकरण तथा व्यवस्थापन गर्नका लागि जिल्लाको प्रतिकार्य क्षमता अभिवृद्धि गर्दै प्रभावितहरूका आधारभूत आवश्यकताहरूलाई समयमा नै प्रभावकारी एवं समन्वयात्मक रुपमा उपलब्ध गराउने कार्यको सुनिश्चितता गर्नु रहेकोछ ।

### २.१.२ निर्दिष्ट उद्देश्यहरु :

- विपद् प्रभावित व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सहयोगको उपलब्धता सुनिश्चित गर्न,
- उपलब्ध न्यूनतम साधन स्रोतको अधिकतम उपयोग गर्दै आवश्यक अन्य साधन स्रोतहरुको खोजी गरी नेपाल सरकारबाट भएका निर्णयको कार्यान्वयन गर्न,
- सरोकारवाला निकाय तथा संघ संस्थाहरूसँग प्रभावकारी समन्वयको सुनिश्चितता गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन,
- जोखिम नक्सांकन गरी संकटासन्नताको पहिचान, स्तरीकरण तथा क्षमता विश्लेषण गरी जोखिम न्यूनीकरण गर्ने खालका क्रियाकलापहरू सञ्चालन गर्न,
- आवश्यकताअनुसार विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्दै विपद् पूर्व, विपद्को समय र विपद् पश्चात् गर्नु पर्ने कार्यलाई प्राथमिकीकरण गर्न ।
- प्राकृतिक वा गैर प्राकृतिक विपद्को जोखिमलाई न्यूनिकरण गर्दै विपद्को प्रभावकारी व्यवस्थापन गरि सर्वसाधारणको जिउ धन, सार्वजनिक तथा ब्यक्तिगत सम्पत्ति, प्राकृतिक सम्पदा तथा भौतिक संरचनाको संरक्षण र सम्वर्द्धन गर्न ।
- जिल्लामा आपतकालीन कोषको स्थापना गर्न ।

## २.२ योजनाको अपेक्षित नतिजा

यस योजनाले खोजेका परिणामहरू मुख्यतया निम्न लिखित विषय वस्तुसँग सम्बन्धित रहेका छन् :

- विपद्को समयमा प्रभावित समुदायलाई तत्काल सहयोग गर्न सजिलो हुने छ ।
- जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संघ-संस्थाहरूको पहिचान तथा श्रोत साधनको आंकलन हुने छ ।
- विषयगत क्षेत्रहरूको आकस्मिक योजना निर्माण भई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण हुने छ ।
- विपद् प्रभावितहरूलाई तत्काल उद्दार तथा राहत सेवा पुऱ्याउन सरल उपायहरू अवलम्बन गर्न सजिलो पर्ने छ ।
- विपद् जोखिम न्यूनीकरण गर्न सरोकारवालाहरू वीच समन्वयात्मक संयन्त्रको निर्माण भई विपद्को समय र विपद् पश्चात् तत्काल प्रतिकार्य गर्न सहज हुने छ ।
- विपद्को समयमा स्थानीय निकाय तथा जिल्ला दैवीप्रकोप उद्धार समिति, स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधिलाई अघि बढाइने छ ।

## २.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका परिणामहरू

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका परिणामहरू मुख्यतया निम्न लिखित छन् :

- स्थानीय पूर्वाधारको वस्तु स्थिति विवरण,
- प्रभावित हुन सक्ने समुदायको संख्या र अवस्थिति,
- उपलब्ध क्षमता (विपद्सँग जुध्ने र प्रतिकार्यमा उपलब्ध हुन सक्ने),
- विपद् जोखिम विश्लेषण,
- पूर्व सुचना प्रणाली,
- खोज तथा उद्धार व्यवस्था,
- आश्रय घर (सेल्टर) वा क्याम्प व्यवस्थापन प्रणाली,
- राहत व्यवस्था र वितरण,
- खाद्य सामग्री र गैर खाद्य सामग्रीको भण्डार अवस्था,
- प्रतिकार्यमा संलग्न साझेदारहरको भूमिका र जिम्मेवारीको निर्धारण,
- हरेक निकायमा सम्पर्क व्यक्तिको पहिचान र संचार सम्पर्कको व्यवस्था,
- मानवीय सहायताकर्मीले गर्ने सहयोग (के, कसले, कहिले, कहाँ, कसरी उपलब्ध गराउने हो सोको पहिचान),
- सरोकारवाला सरकारी तथा गैर सरकारी संघ/संस्थाको विपद् व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि हुने

## २.४ योजनाको सिमितता

यस योजनाका निम्नानुसार आधारभूत सिमितता रहेका छन् :

- विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा जिल्ला प्रशासन कार्यालयमा प्रकोपले पारेको क्षतिको सबै विवरण पूर्ण नहुन सक्दछ तसर्थ आगामी दिनहरूमा नियमित तवरले जानकारीहरू एवं तथ्यांकहरू अद्यावधिक र परिमार्जन गर्न आवश्यक देखिएको छ ।
- जोखिम तथा प्रकोपहरूको स्तरीकरण जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन योजना, अघिल्लो विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, विभिन्न सरोकारवालाहरूसंगको छलफल तथा प्रतिवेदनलाई आधार मानी गरिएको छ जुन विपद्को तवरबाट केही फरक हुन सक्छ ।
- सम्भावित विपद् प्रभावित घरधुरीहरू जिल्लाको कुल जनसंख्याको लगभग १० प्रतिशतलाई आधार मानिएको छ, जुन वास्तविकतामा फरक पनि हुन सक्ने छ ।

## २.५ पूर्वतयारीका लागि सामान्य मान्यताहरू

पूर्वतयारी कार्य गर्दा सबै साझेदारहरूले अपनाउनु पर्ने सामान्य सिद्धान्तहरू देहाय बमोजिम हुने छन् :

- जिल्ला प्रशासन कार्यालय तथा जिल्ला दैवी प्रकोप उद्धार समिति मार्फत एकद्धार नीति अनुरुप समग्र समन्वयको काम हुने छ । प्रमुख जिल्ला अधिकारी (प्र.जि.अ.) वा दैवी प्रकोप उद्धार समितिले समन्वयका लागि अन्य संघ/संस्थाहरूको सहयोग लिन सकिने छ ।
- विषयगत क्षेत्रानुसार समन्वय गर्ने र समन्वय गर्दा मुख्य माग वा आवश्यकता पुरा होस् भन्ने ध्यान पुऱ्याउनु पर्दछ ।
- कतिपय गैरसरकारी संस्थाहरू विपद् पूर्वतयारी एवं उद्धार कार्यका लागि दक्ष जनशक्ति, आर्थिक, भौतिक सुविधा तथा स्थानीय सञ्जालमा आधारित भएकाले त्यस्ता संस्थाहरूलाई क्षमता अनुसार प्रभावकारी रुपमा परिचालन गर्ने ।
- पूर्व निर्धारित रुपमा समन्वय, सहयोग, समझदारी, सहकार्य, निर्देशन र आवश्यक नियन्त्रण कायम गर्ने ।

## २.६ नेपाल सरकारको राष्ट्रिय नीति तथा ऐनमा विपद् सम्बन्धी प्रावधान

### २.६.१ दैवीप्रकोप उद्धार ऐन, २०३९

नेपालमा विपद् व्यवस्थापनको कानुनी संरचनाको सुरुवात २०३९ सालमा जारी भएको दैवी प्रकोप (उद्धार) ऐनबाट भएको हो । यो ऐनले सरकारलाई विपद्को सामना गर्न तयार हुने र विपद्को समयमा प्रतिकार्य गर्ने जिम्मेवारी प्रदान गरेको छ । यो ऐनले मुलुकको इतिहासमै पहिलो पटक विपद् व्यवस्थापनको लागि संस्थागत संरचनाको व्यवस्था गरेको छ ।

### २.६.२ स्थानीय स्वायत्त शासन ऐन, २०५५

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय विकासका लागि स्वायत्त शासनको व्यवस्था सहित वातावरणमैत्री विकास व्यवस्थापनका लागि विकेन्द्रीकरणको अवधारणालाई प्रवर्द्धन गरेको छ । यसमा विकास प्रक्रिया, वातावरण र विपद् बिचका अन्तरसम्बन्धलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जोड दिइएको छ । यस ऐनले स्थानीय निकायहरूलाई उत्तरदायी बनाएको भए तापनि उक्त ऐनमा भएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्न आवश्यक नियमावली तथा बजेटको विनियोजन नगरिएकाले ऐनमा व्यवस्था भएका अवधारणाहरूको कार्यान्वयन पक्ष एकीकृत रुपमा अगाडि बढाउन नसकिएको अवस्था छ । जिल्लाको सन्दर्भमा स्थानीय निकायहरूको विपद् व्यवस्थापन गर्ने क्षमता, साधन र स्रोत पर्याप्त नभएका कारण स्थानीय स्वायत्त शासन ऐनले सोचे बमोजिम तत्काल जिम्मेवारी बहन गर्न सक्ने देखिँदैन ।

### २.६.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा राष्ट्रिय कार्यशाला २०६७ को सिफारिस

- जिल्ला तथा क्षेत्रमा कार्यरत सरोकारवाला निकायहरूले आ-आफ्नो निकायमा विपद् सम्पर्क व्यक्ति तोक्ने
- विपद् सम्बन्धी विविध तालिम, बैठक तथा कार्यशालामा जिल्लामा कार्यरत सबै मानवीय सहायतामा संलग्न निकायलाई आमन्त्रण गर्ने र उनीहरूलाई सक्रिय रुपमा सहभागी गराउने । यस्ता निकायहरूमा सरकारी विषयगत निकायहरू, सुरक्षा निकायहरू, राष्ट्र संघीय संस्थाहरू, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका सदस्यहरू, विषयगत क्षेत्रका अगुवा तथा सदस्य संस्थाहरू आदि पर्दछन् ।
- क्षमता विकास तालिमका रुपमा तालिम तथा बैठकका माध्यमबाट आपतकालीन पूर्वतयारी तथा प्रतिकार्यमा विषयगत अवधारणा (Cluster approach) लाई सुदृढ बनाउने ।
- विपद् पूर्वतयारी योजना तर्जुमाका लागि सरकारी र गैर/सरकारी निकायका बिच समन्वय गर्न जिल्लामा जिल्ला अगुवा सहयोगी संस्था पहिचान गर्ने । योजना तर्जुमामा एकरुपता कायम गर्नका लागि सबै जिल्ला अगुवा सहयोगी संस्थाले एक जना मुख्य जिम्मेवार व्यक्ति तोकी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (Guideline for Disaster Preparedness Response Plan 2011) को बारेमा अभिमुखीकरण गर्ने ।
- प्रत्येक वर्ष विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना सम्बन्धी राष्ट्रिय कार्यशाला आयोजना गरे पश्चात् सबै विकास क्षेत्रमा क्षेत्रीय कार्यशाला आयोजना गर्ने । यस्तो कार्यशालाका सहभागीहरूमा जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, नेपाल रेडक्रसका जिम्मेवार प्रतिनिधि तथा क्षेत्रीय दैवी प्रकोप उद्धार समितिका सदस्यहरू तथा यस क्षेत्रमा कार्यरत प्रमुख गैर/सरकारी संस्थाहरू हुन सक्दछन् ।
- सबै मानवीय सहायतामा संलग्न साझेदार संस्था तथा सरकारी विषयगत कार्यालयहरूबाट आवश्यक बजेट विनियोजनको सुनिश्चित गर्न तथा यसको प्रचार-प्रसार गर्न जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness Response Plan (DPRP) लाई जिल्ला परिषद्बाट अनुमोदन गराउने ।

- विपद् संकटासन्न क्षेत्रका बासिन्दाहरूलाई आवश्यक उद्धार सामग्रीको समेत व्यवस्था गरी खोजी तथा उद्धार सम्बन्धी तालिम उपलब्ध गराउने ।
- विकासका आयोजनामा विपद् जोखिम न्यूनीकरणलाई मूल प्रवाहीकरण गर्ने ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) तयारीका लागि नगरपालिकम  न.पा)/गाउँ विकास समिति (गा.वि.स.) स्तरीय विपद् जोखिम नक्सा अनिवार्य रुपमा तयार गर्ने र यो कार्य सम्बन्धित न.पा/गा.वि.स. का पदाधिकारीसँगको प्रत्यक्ष संलग्नतामा गर्ने ।
- ७५ वटै जिल्लामा योजना तर्जुमामा एक रुपता कायम गर्न र गुणस्तर कायम गर्न सबै जिल्लाका निकायहरूले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को अनिवार्य प्रयोग गर्ने ।
- केन्द्रीय, क्षेत्रीय र जिल्ला तहमा मार्गदर्शन, २०६७ का बारेमा अभिमुखीकरण तालिम सञ्चालन गर्ने र यसका लागि मानवीय सहायतामा संलग्न निकायलाई सहयोग गर्न आव्हान गर्ने ।
- आ-आफ्नो भूमिका तथा जिम्मेवारीका बारेमा हुन सक्ने द्विविधालाई अन्त्य गर्न सबै जिल्लामा जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिले आपसी छलफल र समन्वय गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार सम्बन्धी कार्य गर्ने । जिल्ला विकास समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी प्रकृयामा आवश्यक सहयोग गर्ने ।
- विद्यालय र मदरसाको विकल्पका रुपमा सुरक्षित आश्रय स्थलको पहिचान गर्ने ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको एउटा भागको रुपमा विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना (Scenario Based Response Plan) तयार गर्ने जुन आकस्मिक योhgf (Contingency Plan) को तर्जुमा प्रकृयासँग मिल्दो जुल्दो हुन्छ । विपद्को प्रकृति छनौट गर्दा सबै जिल्लाले भूकम्पीय जोखिम सम्बन्धी प्रतिकार्य योजना तयार गर्ने र जिल्लाको संकटासन्नताका आधारमा अन्य विपद्को छनौट गरी प्रतिकार्य योजना तर्जुमा गर्ने ।
- हरेक जिल्लामा विपद् पूर्वतयारी योजना तर्जुमा प्रकृयामा राजनैतिक दल र नीजिक्षेत्रको सहभागिता अनिवार्य गर्ने ।
- राहत तथा उद्धार सम्बन्धी वैज्ञानिक मापदण्ड तर्जुमा गरी लागू गर्ने ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए बमोजिमको साझा विपद् लेखाजोखा औजार (Common Disaster Assessment Tool) हरुको सबै सरकारी तथा मानवीय सहायता सम्बन्धी साझेदार निकायले प्रयोग गर्ने ।
- प्रभावकारी पूर्वतयारीका लागि योजना तर्जुमा प्रकृयाको सुरु देखि नै संचार माध्यमलाई संलग्न गराउने ।
- यस अघि नै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिसकेका जिल्लाहरूले पनि प्रभावकारी मानवीय प्रतिकार्यका लागि वर्तमान अवस्था र आवश्यकताको आंकलन गरी विद्यमान म्एच्ए लाई संशोधन वा अद्यावधिक गर्ने । यसका साथै तर्जुमा भएको योजनाको कम्तीमा वर्षमा २ पटक समीक्षा गर्ने ।

- प्रत्येक जिल्लाको मएचए को कार्यान्वयनको अवस्थाको अनुगमन तथा समिक्षा गर्न कार्ययोजना तर्जुमा गर्ने (यसका लागि सरकारी निकाय, रेडक्रस, राष्ट्र संघीय निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्र सम्मिलित ५ सदस्यीय कार्यदल निर्माण गर्ने)।
- न.पा/गा.वि.स. तथा जिल्ला तहमा जनचेतनामूलक अभियान सञ्चालन गर्ने।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमामा जिल्ला स्थित सबै मानवीय सहायतामा संलग्न निकायहरूले जिल्ला दैवी प्रकोप उद्धार समितिलाई सहयोग गर्न आव्हान गर्ने।

**योजना तर्जुमा विधि**



# खण्ड ३
# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी चरण

## ३.१ योजना निर्माणको प्रक्रिया

गोरखा जिल्लामा २०६८ सालमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी प्रक्रिया शुरुवात भएको र २०६९ सालमा योजना तयार भएको थियो । हाल जिल्लामा विद्यमान र सम्भावित जोखिमहरूको विस्तृत समिक्षा गरी उक्त समिक्षाका आधारमा विषयगत संस्थाहरूले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी पृष्ठपोषण पश्चात जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७४ (पहिलो संशोधन) प्रकाशन गरिएको छ । यस योजनामा समावेश गरिएका सूचना तथा तथ्याङ्कहरूलाई समयानुकूल परिमार्जन गरी प्रकाशन गर्न प्रयास गरिने छ । यस योजना तयारीमा निम्न प्रक्रिया अवलम्बन गरिएको छ :

- प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालयसंग नियमित विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना परिमार्जन सम्बन्धमा छलफल,
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारीका लागि मिति २०७४ जेष्ठ ५ गते स्थानिय विकास अधिकारीको अध्यक्षतामा ५ सदस्यीय कार्यदल गठन,
- सवै निकाय तथा सरोकारवाला संस्थाहरुसंग समन्वय गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नका जिम्मा गोरखा जिल्लाको District Lead Support Agency- CARE Nepal लाई जिम्मा दिईयो,
- अघिल्लो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गरी जोखिमता पहिचान र सरोकारवालाहरुसंग छलफल गरी अद्यावधिक,
- विभिन्न ९ वटा विषयगत क्षेत्रका संयोजक (Cluster lead) निकाय तथा सदस्यहरुसंग छलफल गरी आ-आफनो क्षेत्रको क्षमता पहिचान तथा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार,
- जिल्लामा बनेका विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना, विभिन्न कार्यलयका सरकारी तथा गैह्र सरकारी संस्थाहरूद्वारा प्रकाशित प्रतिवेदन, जिल्ला प्रशासन कार्यालयमा रहेको सुचना र नेपाल रेडक्रस जिल्ला शाखा गोरखाको प्रकाशन, प्रतिवेदनहरू तथा तथ्याङ्कको आधारमा जोखिमको प्रवृत्ति एवं परिमाण पहिचान,
- जिल्ला विपद् जोखिम पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयारी,
- क्लष्टर प्रमुख, एवं जिल्लाका सरोकारवालाहरूको बैठकमा जिल्ला विपद् जोखिम पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा उपर छलफल गरी पृष्ठपोषण आदान प्रदान,
- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पहिलो संशोधन प्रकाशन ।

## ३.२ सामान्य पूर्वतयारी योजना

### ३.२.१ मानवीय सहायतामा संलग्न साझेदार निकायको सूची

जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला दैवी प्रकोप उद्धार समिति क्रियाशील रहेको छ । यस समितिको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीहरू दैवी प्रकोप उद्धार ऐन, २०३९ बमोजिम हुने छ । जिल्ला विकास समितिले यस समितिको सचिवालयको रुपमा काम गर्छ भने अन्य विषयगत सरकारी कार्यालयहरू, सुरक्षा निकायहरू एवं नेपाल रेडक्रस सोसाईटी आदि दैवी प्रकोप उद्धार ऐन, २०३९ बमोजिमका सदस्यहरू रहेका छन् । गोरखा भुकम्प पश्चात जिल्लामा विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र गैरसरकारी संस्थाहरू पनि क्रियाशिल रहेका छन् । यस जिल्लामा रहेका सम्पूर्ण संघ संस्थालाई समेट्ने क्रममा तिनीहरूका विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थालाई सुचिकृत गर्ने प्रयास गरिएको छ ।

### ३.२.२ सन्दर्भ सामग्री पुनरावलोकन

जिल्लामा विभिन्न निकायहरूबाट विभिन्न समयमा विपद् सम्बन्धी अध्ययन, अनुसन्धान एवं योजना सम्बन्धी प्रतिवेदनहरू प्रकाशन भएका छन् । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन गरिएको छ । केही महत्वपूर्ण सामग्रीहरू र त्यसबाट प्राप्त गरिएका असल अभ्यासहरू तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**सन्दर्भ सामग्रीहरुको विवरण**

| क्र.स | प्रतिवेदन/प्रकाशनको नाम | सिकाई/असल अभ्यासहरू |
|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८-६९ | विपद् जोखिम व्यवस्थापनका लागि सुरुवाती योजना, विषयगत अभ्यासहरू सुरुवातको पहल, जिल्ला भित्र रहेका जोखिम तथा क्षमताहरू उल्लेख भएको । |
| २ | नेपाल रेडक्रस सोसाइटी, गोरखा शाखाको प्रतिवेदनहरू | जिल्लामा विभिन्न वर्षमा घटेका विपद् तथा प्रतिकार्यका प्रयास तथा तथ्याङ्क अभिलेखिकरण । |
| | जिल्ला विकास समिति, गोरखा भुकम्प २०७२ क्षतिको प्रारम्भिक प्रतिवेदन | जिल्लामा २०७२ को गोरखा भुकम्पले पऱ्याएको मानवीय, पशुधन, खाद्यन्न तथा भौतिक क्षति, जोखिमयुक्त वस्तीहरु बारे प्रारम्भिक जानकारी |
| ३ | विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीति, २०६६ | राष्ट्रिय स्तरमा तयार भएको नीतिबारे जानकारी र जिल्ला स्तरमा समायोजन गर्ने प्रक्रिया बारे स्पष्टता । |
| ४ | दैवी प्रकोप उद्धार ऐन, २०३९ | ऐनले व्यवस्था गरेको मापदण्ड र सरकारी संरचना बारे बुझाई । |
| ५ | स्फेयर (Sphere) मापदण्ड | राहत मापदण्ड र न्यूनतम आवश्यकताबारे सबै सरोकारवाला निकायहरूलाई जानकारी नभएको । |
| ६ | प्रकोप पीडित उद्धार र राहतसम्बन्धी | राहत सम्बन्धी मापदण्ड निर्धारण गरिएको । |

| | | |
|---|---|---|
| | मापदण्ड, २०६४ (दोस्रो संसोधन : २०६९।२।२९) | |
| ७ | राष्ट्रिय विपद् प्रतिकार्य कार्य ढाँचा, २०७० | तत्कालको प्रतिफल सम्बन्धी । |
| ८ | विभिन्न सरकारी कार्यलयहरूको वार्षिक प्रतिवेदन | जिल्ला स्थित विभिन्न सरकारी कार्यलयहरुको प्रगती विवरण तथा असल अभ्यासहरू प्राप्त गर्न सजिलो भएको । |
| ९ | स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना (Local Disaster Risk Management and Climate Change Adaptation Plan) | ग.वि.स.हरुमा देखिरहेका जलवायु उत्पन्न प्रकोप र विपद्को सन्दर्भ आँकलन गर्न । |
| १० | सेड्नाई कार्य संरचना सन् २०१५ देखि २०३० | विपद लाई प्राथमिकता क्षेत्र अन्तर्गत समावेश गर्न |

### ३.२.३ विभिन्न वैठकका निर्णयहरु

| सि.न. | समिति तथा क्षेत्रगत सहयोगी समूह | वैठक भएको मिति | नेतृत्व गर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयारी समिति | २०७२ जेष्ठ ०५ | जिल्ला विकास समिति | |
| २ | सूचना,सञ्चार र समन्वय | २०७२/०५/२१ | जिल्ला प्रसाशन कार्यालय | |
| ३ | खोज तथा उद्धार | २०७३/०५/२१ | जिल्ला प्रसाशन कार्यालय | |
| ४ | आश्रय स्थल तथा गैरखाद्य | २०७३/०२/२५<br>२०७३/०५/३१ | नेपाल रेडक्रस सोसाईटी | |
| ५ | खाद्यान्न | २०७३/०३/०६<br>२०७३/०५/०७ | जिल्ला कृषि विकास कार्यालय | |
| ६ | खानेपानी तथा सरसफाइ | २०७३/०५/१७ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ७ | स्वास्थ्य तथा पोषण | २०७३/०५/३० | जिल्ला स्वास्थ्य कार्यालय | |
| ८ | शिक्षा | २०७३/०३/०८<br>२०७३/०५/३० | जिल्ला शिक्षा कार्यालय | |
| ९ | संरक्षण | २०७३/०३/३१ | महिला तथा बालबालिका कार्यालय | |
| १० | पुनस्थापन तथा पुन निर्माण | २०७३/०५/३१ | जिल्ला विकास समिति | |

### ३.२.४ प्रकोप जोखिम विश्लेषण

यस जिल्लामा रहेका ६० गा.वि.स. र २ नगरपालिका मध्ये केहि गा.वि.स.हरुमा केएर नेपाल, सेभ द चिल्ड्रेन, लुथ्रन वर्ड रिलिफ लगायतका संस्थाहरुको प्राविधिक सहयोगमा स्थानीय स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजनाहरु तयारी सम्पन्न तथा केहिमा तयारीको शुरुवात भइरहेका छन् । यसरी स्थानीय स्तरमा बनेका योजनाहरू तथा विश्लेषणका आधारमा पनि यस जिल्लाको जोखिमहरूको प्राथमिकीकरण गरिएको छ। हाल यस जिल्लामा ९ गाउपालिका र २ नगरपालिका रहेका छन ।

### ३.२.४.१ जिल्लाको प्रमुख जोखिमहरु

गोरखा जिल्लाले भौगोलिक रुपमा मध्य पहाडी देखि हिमाली भेगसम्मलाई समेटेको परिपेक्षमा यहाँ विविध प्रकारको हावापानी पाईन्छ । जसका कारण विविध प्रकारका अवसरहरुसंगै प्रकोपका घटनाहरुको जोखिम पनि उत्तिकै धेरै रहेका छन् । यस जिल्लाका अधिकांश भूभाग पहाडी भिरालो वनावट रहेकाले पहिरो तथा बाढीबाट उच्च धनजनको क्षती हुने गर्दछ । हिमाली भेगमा हिउँ पर्ने र अत्याधिक चिसोले सताउने यस जिल्लामा चैत्र, वैशाख महिना हुने आगलागी तथा हावाहुरीले मानिसहरुका घर, सार्वजनिक भवनहरु उडाउने तथा भत्काउने गर्दछ । साथै चट्याङ्ग र जंगली जनवारको आतंक पनि प्रकोपको रुपमा वेला वेला देखा परिरहेका छन् । जिल्लामा देखा परिरहने प्रकोपहरु निम्न बमोजिम रहेका छन् ।

१) बाढी
२) पहिरो
३) हिमताल बिस्फोट
४) आगलागी
५) हावाहुरी
६) जंगली जनवार आतंक
७) महामारी
८) भूकम्प
९) चट्याङ्ग

**तालिका २ जिल्लामा पहिचान भएका विपद्को अनुमानित जोखिम**

| विपद् | विवरण | नेपाल रेडक्रस सोसाइटीबाट प्राप्त पछिल्ला ८ बर्षको क्षतिको तथ्याङ्क | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६५/०६६ | २०६६/०६७ | २०६७/०६८ | २०६८/०६९ | २०६९/०७० | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ |
| भूकम्प | प्रभावित घरधुरी | | | | ४ | | | ६७३६४ | |
| | पूर्णक्षती घरधुरी | | | | | | | | |
| | मृत्यु | | | | | | | ४७३ | |
| पहिरो, बाढी | प्रभावित घरधुरी | ७४ | १८ | ६४ | ४९ | ४३ | १३ | ३५ | |
| | पूर्णक्षती घरधुरी | | | | | | | | |
| | मृत्यु | | | | | | | | |
| आगलागी | प्रभावित घरधुरी | ६१ | ५३ | ४२ | ३० | १३ | २६ | १६ | २० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्णक्षती घरधुरी | | | | | | | | |
| | मृत्यु | | | | | | | | |
| हावाहुरी र चट्याङ | प्रभावित घरधुरी | ६०७ | | ३ | ८ | १३ | २३ | ५ | १ |
| | पूर्णक्षती घरधुरी | | | | | | | | |
| | मृत्यु | | | | | | | | |
| असिना | प्रभावित घरधुरी | | १८२ | | | १ | | | |
| | पूर्णक्षती घरधुरी | | | | | | | | |
| | मृत्यु | | | | | | | | |
| *स्रोत : नेपाल रेडक्रस सोसाईटी, गोरखा शाखा* | | | | | | | | | |

### ३.२.४.२ प्रकोप जोखिम स्तरीकरण

गोरखा जिल्लाका कुन क्षेत्र तथा गा.वि.स.हरु कति प्रकोपको जोखिममा रहका छन् भनि यस अघिको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयारीको क्रममा नक्शांकन गरिसकेको हुँदा त्यसै सुचनालाई आधार मानेर योजना तयार गरिएको र योजनाको मस्यौदा माथी छलफल गर्ने क्रममा केहि परिमार्जनका सुझाव अनुरुप अन्तिम रुप दिईएको छ । यसरी जोखिम स्तरीकरण गर्नाले प्रभावित गा.वि.स., जनसंख्या तथा घरधुरीको पूर्वानुमान गरी सोहि अनुसारको पूर्वतयारी तथा प्रतिकार्यको लागि सजग रहन सहयोग गर्नेछ । साथै समय सापेक्ष यस जोखिम सुचकाङ्कहरुलाई पनि अद्यावधी गरिँदै लगिने छ ।

